घोडाघोडी स्थानीय राजपत्र

घोडाघोडी नगरकार्यपालिकाको कार्यालय द्वारा प्रकाशित

सुखड, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| भाग २ | वर्ष ३ | अंक ३४ | २०७६ फाल्गुन २५ गते |

**घोडाघोडी नगरकार्यपालिकाबाट मिति २०७६।११।२५ मा स्वीकृत भएको घोडाघोडी पार्किङ्ग व्यवस्थापन कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीका लागी प्रकाशन गरिएको छ।**

# घोडाघोडी पार्किङ्ग व्यवस्थापन कार्यविधि, २०७६

**१. प्रस्तावना**

घोडाघोडी नगरपालिका क्षेत्रभित्र रहेका सौन्दर्यता अवलोकन गरिने मनमोहक स्थल, मौषम अनुसारले साइबेरिया लगायत अन्य विभिन्न स्थानहरुवाट बसाई सराई गरि आएका दुर्लभ चराहरुको अवलोकन गर्न आउने स्वदेशी तथा विदेशी चराप्रेमी पर्यटकहरुको लागि गन्तव्य स्थल र धार्मिक गतिविधिहरु सम्पन्न गर्न गराउन आउने आगन्तुकको घोडाघोडी धार्मिक स्थालर वनभोज प्रेमीहरुको लागि घोडाघोडी नगर क्षेत्र भित्रका सामुदायिक वनमा स्थापित वनभोज स्थलमा वनभोज खान तथा रमाउन आउने वनभोज प्रेमीहरु र स्वदेशी तथा विदेशी पर्यटकहरुले प्रयोग गरेको सवारी साधनहरुको पार्किङ्ग स्थलहरुको पुर्वाधारनिर्माण तथा मर्मत सुधार लगायत घोडाघोडी नगरमा घुम्ती/ठेला अस्थायी वजार व्यवस्थापन र आधारभुत सेवा सुविधा उपलब्ध गर्न गराउनका निमित्त यो घोडाघोडी पार्किङ्ग व्यवस्थापन कार्यविधि २०७६ तयार गरि लागु गरिएकोछ।

**२. संक्षिप्त नाम र प्रारम्भ**

यो कार्यविधिको नाम: घोडाघोडी पार्किङ्ग व्यवस्थापन कार्यविधि २०७६ रहनेछ।

प्रारम्भ : यो कार्यविधि पारित भएको मिति देखि लागु हुनेछ।

**३. परिभाष**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा प्रयोग गरिएका शब्दहरुको अर्थ निम्नानुसार हुनेछन् :

३.१ "कार्यविधि" भन्नाले घोडाघोडी नगरपालिका क्षेत्रको पार्किङ्ग स्थल, घुम्ती वजार र पिक्निक स्थलको व्यवस्थापन गर्न बनेको "घोडाघोडी पार्किङ्ग व्यवस्थापन कार्यविधि २०७६" लाई जनाउँछ।

३.२ "घोडाघोडी पार्किङ्ग व्यवस्थापन" भन्नाले घोडाघोडी नगरपालिका भित्र सवारी साधन पार्किङ्ग स्थल, उक्त स्थानमा लगाईने घुम्ती/ठेला अस्थायी वजार साथै वन क्षेत्र भित्र निर्माण गरिएको वनभोज स्थलको पुर्वाधार सुधार तथा मर्मत सुधार लगायत आधारभुत सेवा सुविधा उपलब्ध गर्नु गराउनुलाई बुझाउछ।

३.३ "व्यवस्थापन कर्मचारी" भन्नाले घोडाघोडी नगरपालिकाले पार्किङ्ग व्यबस्थापनका लागी आवश्यकता अनुसार नियुक्त गरेको कर्मचारीहरुलाई जनाउदछ।

घोडाघोडी स्थानीय राजपत्र

३.४ "कार्य योजना" भन्नाले घोडाघोडी पार्किङ्ग व्यवस्थापनका लागि वनाईएको योजनालाई कार्ययोजना सम्झनुपर्दछ ।

३.५ "सुपरिवेक्षण"भन्नाले आवश्यकता अनुसार घोडाघोडी नगरपालिकाले समय समयमा गर्ने सुपरिवेक्षण तथा अनुगमनलाई जनाउँदछ ।

३.६ "पार्किङ्ग व्यवस्थापक" भन्नाले पार्किङ्ग व्यवस्थापन सम्बन्धित व्यवस्थापकिय भूमिका निर्वाह गर्ने पार्किङ्ग व्यवस्थापकलाई जनाउदछ ।

३.७ " सामुदायिक वन" भन्नाले घोडाघोडी नगर क्षेत्रभित्र गठित सामुदायीक वन उपभोक्ता समुहले संरक्षण तथा प्रयोग गर्दै आईरहेको वन जंगललाई जनाउँदछ ।

**४. उद्धेश्यहरु**

(क) घोडाघोडी नगरपालिका क्षेत्रभित्र पार्किङ्ग स्थल, घुम्ती/ठेला अस्थायी वजार र वनभोज स्थलको भौतिक पुर्वाधार निर्माण तथा मर्मत सुधार गर्ने ।

(ख) पार्किङ्ग स्थल, घुम्ती/ठेला अस्थायी वजार र वनभोज स्थलमा आधारभूत सेवा सुविधा अर्थात खानेपानी तथा चर्पी लगाएत सरसफाईको व्यवस्थापन गर्ने ।

(ग) पार्किङ्ग गरे वापत सवारीसाधनहरुवाट तोकिएको शुल्क रकम संकलन गर्ने ।

(घ) तोकिएको समय सम्म पार्किङ्ग गरिएका सवारी साधनहरुको सुरक्षा प्रदान गर्ने ।

(ङ) नगरपालिका क्षेत्रमा पर्या-पर्यटनको विकास गर्ने ।

## परिच्छेद : एक
## कर्मचारी व्यवस्थापन

**५ कर्मचारी ब्यबस्थापन :**

**५.१ कर्मचारी ब्यबस्थापन र संख्या :**

घोडाघोडी नगरपालिका क्षेत्रभित्र पार्किङ्ग ब्यबस्थापनका लागी आवश्यकता अनुसार सुपरिवेक्षक, व्यवस्थापक, सहयोगी कर्मचारी, चौकिदार वा गार्डको नियूक्ति गरिनेछ ।

**५.२ पार्किङ्ग व्यवस्थापन कर्मचारीहरुको काम कर्तव्य र अधिकार**

(क) घोडाघोडी नगरपालिका क्षेत्रमा घुम्न आउने, धार्मिक कार्य गर्न आउने, वनभोज खान आउनेहरुले प्रयोग गरेको सवारी साधनहरुबाट पार्किङ्ग सेवा शुल्क लगायत अन्य तोकिएका सेवा शुल्क उठाउने ।

(ख) पार्किङ्ग स्थल, घुम्ती/ठेला वजार स्थल र वनभोज स्थलको सरसफाई तथा खानेपानी तथा शौचालयको व्यवस्थापन गर्ने ।

(घ) पार्किङ्ग गरिएका सवारी साधनहरुको सुरक्षा प्रदान गर्ने ।

(ङ) पार्किङ्ग स्थल, धार्मिक स्थल र वनभोज स्थलको मर्मत सम्भार गर्न आवश्यक रहेको भनी घोडाघोडी नगरपालिकालाई समयमै जानकारी दिने ।

(च) पार्किङ्ग स्थल, धार्मिक स्थल र वनभोज स्थलमा शान्ती सुरक्षाका लागि आवश्यक परेको वेलामा नगरपालिका मार्फत प्रहरी चौकी सुखडसंग समन्वय गर्ने ।

**५.३ सुपरिवेक्षकको काम, कर्तव्य र अधिकार**

(क) कार्यदलका सदस्यहरुलाई सुम्पिएको कार्य सम्पन्न गर्न दिशानिर्देश गर्ने ।

(ख) आवश्यक परेको वेलामा धार्मिक स्थल, पार्किङ्ग स्थल, घुम्ती वजार स्थल र वनभोज स्थलको साथै सवारी साधनहरुको व्यवस्थापन पक्षको अवलोकन र निरिक्षण गर्ने र पार्किङ्ग व्यवस्थापक, सहयोगी कर्मचारी तथा चौकिदार वा गार्डलाई अवस्थाको बारेमा अवगत गर्ने गराउने ।

घोडाघोडी स्थानीय राजपत्र

(ग) सवारी साधनहरुबाट दैनिक रुपमा संकलन गरिएको रकमको चेकजाँच गर्ने ।
(घ) पार्किङ्ग ब्यबस्थापन कर्मचारीहरुलाई सवल र सफल बनाउन प्रभावकारी भूमिका निर्वाह गर्ने ।

### ५.४ पार्किङ्ग व्यवस्थापकको काम कर्तव्य र अधिकार

(क) दैनिक रुपमा पार्किङ्ग स्थलमा आउने सवारी साधनहरुबाट पार्किङ्ग सेवा तथा वनभोज खाने टोलीवाट सेवा सुविधा पुर्याए वापतको सेवा शुल्क संकलन गर्ने र स्वदेशी तथा विदेशी आगन्तुक वा पर्यटकहरुको संख्याको अभिलेख अध्यावधि गर्ने ।
(ख) संकलित सेवा शुल्क रकम नगरपालिकामा जम्मा गर्ने ।
(ग) पार्किङ्ग गरिएका सवारी साधनहरुको सुरक्षा प्रदान गर्न सहयोगी कर्मचारी तथा चौकिदार (गार्ड) लाई परिचालन गर्ने ।
(घ) धार्मिक स्थल, पार्किङ्ग स्थल, घुम्ती/ठेला वजार स्थल, वनभोज स्थलको मर्मत तथा सम्भार गर्नु पर्ने अवस्थाको पहिचान गर्ने र नगरपालिकालाई जानकारी दिने ।
(ङ) पार्किङ्ग स्थल, धार्मिक स्थल, घुम्ती/ठेला वजार स्थल र वनभोज स्थलमा शान्ती सुरक्षा प्रदान गर्न नगरपालिका माफृत प्रहरी चौकी सुखड संग समन्वय र सम्पर्क गर्ने ।

### ५.५ सहयोगी कर्मचारी र चौकिदार वा गार्डको काम कर्तव्य र अधिकार

(क) धार्मिक स्थल, पार्किङ्ग स्थल, घुम्ती/ठेला वजार स्थल र वनभोज स्थलमा आउने सवारी साधनहरु सेवा शुल्क तिरेको वा नतिरेको यकिन गर्ने ।
(ख) पार्किङ्ग स्थलमा पार्किङ्ग गरिएका सबै प्रकारका सवारी साधनहरुको उचित व्यवस्थापन गरि सुरक्षा प्रदान गर्ने ।
(ग) पार्किङ्ग स्थलमा अनाहकमा हुने हल्ला वा सामान्य रुपमा हुने झैं-झगडा हुन नदिने ।
(घ) घुम्ती/ठेला पसलहरुलाई निर्धारण गरिएको स्थलमा नै घुम्ती पसल राख्न लगाउने ।
(ङ) पार्किङ्ग स्थल, धार्मिक स्थल, घुम्ती/ठेला वजार स्थल र वनभोज स्थलमा मादक पदार्थ तथा मासुजन्य खाद्यपदार्थहरुको व्यापार तथा सेवन गर्न नदिने ।
(च) तोकि दिएको कामको जिम्मेवारी पुरा गर्ने ।

## परिच्छेद - दुई
## समन्वय तथा व्यवस्थापन

### ६. समन्वय तथा व्यवस्थापन

पार्किङ्ग स्थल, घुम्ती/ठेला वजार स्थल सडक क्षेत्रमा र वनभोज स्थलहरु सामुदायिक वन क्षेत्रमा पर्ने भएमा सम्वन्धित सरोकारवालाहरु संग समन्वय र सहकार्य गरी पार्किङ्ग स्थल, घुम्ती/ठेला वजार स्थल र वनभोज स्थलहरुको व्यवस्थापन गरिनेछ ।

६.१ पार्किङ्ग स्थल, घुम्ती/ठेला वजार स्थल र वनभोज स्थलमा कुनै पनि भौतिक पुर्वाधार निर्माण तथा मर्मत सम्भार गर्नु पर्ने भएमा सम्बन्धित सबै सरोकारवालाहरु संग समन्वय गरी सो कार्य गर्ने गराउने ।
६.२ यस पार्किङ्ग व्यवस्थापन कार्यविधि २०७६ मा व्यवस्था भए बमोजिमका पालना गर्नु पर्ने शर्तहरुको विपरित कार्य गर्ने सवारी साधन मालिकहरु, घुम्ती/ठेला पसल संचालन गर्ने व्यवसायीहरु र सुविधा प्रयोग गर्ने सेवाग्राहीहरुलाई अवस्था अनुसारको आर्थिक वा सामाजिक दण्ड सजाय तोक्ने ।
६.३ घोडाघोडी नगरपालिकाको निर्णय अनुसार पार्किङ्ग स्थलमा पार्किङ्ग गरिएका सवारी साधनहरुबाट निर्धारण गरे बमोजिमको शुल्क रसिद काटेर संकलन गरिनेछ । यसरी शुल्क निर्धारण गर्दा निम्न

घोडाघोडी स्थानीय राजपत्र

अनुसारको सवारी साधनको प्रकार तथा पार्किङ्ग अवधि अनुसार हुनेछ । आवश्यकता अनुसार निःशुल्क पर्किङ्गको पनि व्यबस्था गरिने छ । तर निश्चित तोकिएको समय भन्दा बढी समय पार्किङ गरेमा निर्धारण गरे अनुसार शुल्क तिर्नु पर्नेछ ।

(क) हेभी वस तथा ट्रक ।
(ख) मिनि वस, टिप्पर तथा हाईस
(ग) जिप, कार, भ्यान तथा टेम्पो/अटो
(घ) मोटरसाईल तथा स्कुटी
(ङ) साईकल

६.४ यसै गरि घुम्ती/ठेला पसल राखे वाफत, शौचालय प्रयोग गरे वाफत र वनभोज स्थल प्रयोग गरे वाफत सेवा शुल्क निर्धारण गरिनेछ ।

## परिच्छेद - तीन

## पार्किङ्ग स्थल र घुम्ती/ठेला वजार स्थलको व्यवस्थापन तथा निर्माण एवं मर्मत सम्भार तथा सेवा शुल्क संकलन

**७ पार्किङ्ग स्थल निर्माण तथा मर्मत सम्भार तथा सेवा शुल्क संकलन**

७.१ स्थानिय सरकार घोडाघोडी नगरपालिकाको आर्थिक नियमावली अनुसारको प्रकृया अपनाई घोडाघोडी नगर क्षेत्रभित्रके पार्किङ्ग स्थललाई सुविधा सम्पन्न गर्ने , घेरवार गर्ने, ढल निकास बनाउने, खानेपानीको लागि धारा निर्माण तथा व्यवस्थापन गर्ने, फोहर मैला व्यवस्थापन गर्ने तथा साथै संचालन भई रहेका पार्किङ्ग स्थल मर्मत सम्भार तथा व्यवस्थापन गर्ने जस्ता कार्यहरु गर्ने गराउने ।

७.२ पार्किङ्ग स्थलमा पार्किङ्ग गरिएका सवारी साधनहरु पार्किङ्ग गरे वाफतको सेवा शुल्क नबुझाउने सवारी साधनहरुलाई नगरपालिकाको निर्णयअनुसार दण्ड सजाय वा जरीमाना गरिनेछ ।

७.३ पार्किङ्ग स्थलमा रहेको शौचालयको सरसाफई तथा मर्मत सम्भार गर्न गराउन उक्त शौचालय प्रयोग गरे वाफत नगरपालिकाले तोके अनुसार सेवा शुल्क संकलन गर्नेछ ।

**८. घुम्ती/ठेला वजार स्थल निर्माण तथा मर्मत सम्भार तथा सेवा शुल्क संकलन**

८.१ पार्किङ्ग स्थलसंग रहेका घुम्ती/ठेला वजारलाई व्यवस्था गरिनेछ । फोहरमैला व्यवस्थापनको लागि उचित व्यवस्था मिलाईनेछ ।

८.२ पार्किङ्ग स्थलमा चलाईने वा राखिने घुम्ती/ठेला पसलमा मादक पदार्थ तथा सुर्तिजन्य वस्तु विक्रि वितरण गर्न पाईने छैन । अटेर गर्ने घुम्ती/ठेला पसलेलाई प्रचलित ऐन कानून अनुसार कारवाही हुनेछ ।

८.३ घुम्ती/ठेला पसल व्यवसायीहरुले पसल चलाए वाफत नगरपालिकाले तोके बमोजिमको शुल्क तिर्नु पर्नेछ । यसरी सेवा शुल्क नबुझाउने घुम्ती/ठेला पसलेलाई प्रचलित ऐन कानुन अनुसार दण्ड जरीमाना गर्ने र आवश्यक भएको खण्डमा घुम्ती/ठेला र पसल हटाउनेछ ।

८.४ घुम्ती/ठेला पसलेहरुले आफुले गरेको फोहरमैलाको व्यवस्थापन स्वयंले गर्नु पर्नेछ । फोहर गर्ने पसलेले यस कार्यविधि अनुसार फोहर मैला सरसफाई नगरेको खण्डमा नगरपालिकाले तोकेको अनुसार दण्ड सजाय वा जरिवाना भुक्तान गर्नुपर्नेछ ।

**९. वनभोज स्थल निर्माण, मर्मत सम्भार तथा सेवा शुल्क संकलन**

९.१ सामुदायिक वन भित्र निर्माण गरिएको वनभोज स्थलको निर्माण तथा मर्मत सम्भार गरि पार्किङ्ग तथा वनभोज स्थल सम्म जाने बाटोको छेउछाउमा वाह्रैमास फुलफुल्ने रुख तथा वोटविरुवा रोपी बगैचा निर्माण गरि सौन्दर्यकरण गरिनेछ ।

घोडाघोडी स्थानीय राजपत्र

९.२ आवश्यकता अनुसार वनभोज स्थलमा खानेपानी, वनभोज घर तथा शौचालयको व्यवस्था गरिनेछ ।

९.३ वनभोज स्थलबाट बग्ने पानीको निकासको व्यवस्था मिलाइने छ ।

९.४ वनभोज स्थलमा वनभोज खाने टोलीले स्थल प्रयोग गरे वापत प्रत्येक पटकको सेवा शुल्क तोके अनुसार बुझाउनु पर्नेछ ।

९.५ वनभोज स्थलमा ध्वनि, धुवा प्रदुसण तथा फोहरमैला व्यवस्थापनका लागि वनभोज खाने टोलीले गर्न हुने र गर्न नहुने क्रियाकलाप वारेको सुचना बोर्ड राखिने छ । गर्न नहुने क्रियाकलाप गरेको पाईएमा गरिने दण्ड जरिवाना पनि सोही सुचना बोर्डमा उल्लेख गरिने छ । सोही अनुसार कारवाही गरिने छ ।

## परिच्छेद : चार
## विविध

**१०. कार्यालय संचालन विधि तथा व्यवस्था :**

(क) पार्किङ्ग स्थल व्यबस्थापन कर्मचारीका लागि दैनिक कार्य संचालन गर्न आवश्यक मसलन्द, टेबुल कुर्सी सहित पार्किङ्ग स्थलमा कार्यालयको व्यवस्था गरिनेछ ।

(ख) आवश्यकता अनुसार खाता, बही, विल भौचर तथा रसिद आदिको व्यवस्था गरिदिनेछ ।

**११. अनुगमन तथा मूल्याङ्कन :**

पार्किङ्ग स्थल र घुम्ती/ठेला वजार स्थलको व्यवस्थापन तथा निर्माण एवं मर्मत सम्भार तथा सेवा शुल्क संकलन सम्बन्धि क्रियाकलापहरुको अनुगमन तथा मूल्याङ्कन घोडाघोडी नगरपालिकाले गर्नेछ । अनुगमन तथा मूल्याङ्कनका लागि पर्यटन विकास वोर्ड संग समन्वय र सहकार्य गर्न सकिनेछ ।

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत

घोडाघोडी स्थानीय राजपत्र